जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २५५  २०७८ साल असार १६ गते बुधबार (30 June 2021 Wednesday)  मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : धेरै शान्ति सैनिक ... ३ पृष्ठमा : ७७ जिल्लामा निःशुल्क ... ३ पृष्ठमा : अष्ट्रेलियाली चिकित्सकद्वारा ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सप्तरीमा पनि मनाइयो धान दिवस

# बालीमा ५० प्रतिशतसम्म अनुदान निरन्तर रहने : अध्यक्ष सिंह



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका, बलानबिहुल गाउँपालिका र बोदेबरसाइन नगरपालिकामा मंगलबार १८औं राष्ट्रिय धान दिवस मनाइएको छ ।

धान उत्पादनमा वृद्धि, खाद्य सुरक्षा आत्मनिर्भरता र समृद्धि नाराका साथ तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ४ स्थित खेतमा धान रोपेर सो दिवस मनाइएको हो ।

धान दिवसको अवसरमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले परम्परागत कृषि प्रणालीबाट आत्मनिर्भर नहुने भएकोले व्यवसायिक एवम् प्रविधि मैत्री कृषि प्रणाली अपनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गरे ।

कृषकलाई सहुलियत दिन गाउँपालिकाले विगत बर्षहरुदेखि नै धान, गहुँ, मकै, सर्सों लगायतको बालीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँदै आएको बताअस्उँदै कृषकलाई आत्मनिर्भर बनाएमात्र समृद्धि ल्याउन सकिनेमा जोड दिए ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले कृषि कर्मलाई आधुनिकीकरण गर्नुपर्ने आवश्यकता रहेको बताउँदै गाउँपालिकाले विगत बर्षहरुदेखि नै कृषकलाई विभिन्न किसीमले सुविधाहरु प्रदान गर्दै आईरहेको र आगामी दिनमा पनि सहुलियत दिने कार्य जारी रहने प्रतिबद्धता जनाए ।

यस्तै मंगलबारै जिल्लाको बलानबिहुल र बोदेबरसाईनमा पनि धान दिवस मनाईएको छ । बलान बिहुल गाउपालिका ५ स्थित रामनगरमा किसानहरूले धान रोपी, दही, च्युरा खाएर धान दिवस मनाईएको हो ।

सो अवसरमा बलान बिहुल गाउपालिका अध्यक्ष दयानन्द गोईतेले किसानलाई कृषि तर्फ आत्मनिर्भर बनाउनु पर्नेमा जोड दिए । कृषि ज्ञान केन्द्र र साना सहकारी संस्था लि. को संयोजनमा आयोजित कार्यक्रममा कृषि ज्ञान केन्द्र राजबिराजका प्रमुख राजेन्द्र प्रसाद यादबले कृषीलाई व्यवसायीकरण गर्न सिचाईमा जोड दिनुपर्ने बताए ।

सप्तरीमा ६३ प्रतिशत खेती योग्य जमिन रहेकोले सिंचाई अभावका कारण सिंचाई संरचनामा पानी नआउदाँ खेती हुन नसकेको उनको भनाई थियो ।

# मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

सप्तरीको अग्निसाईर कृष्णसवरण गाउँपालिकामा मोबाईल चार्ज गर्ने क्रममा करेन्ट लागेर एक महिलाको ज्यान गएको छ ।

सो गाउँपालिका वडा नं. ६ महुली बजार निवासी ३५ वर्षिया जहादा खातुनको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । प्रहरीका अनुसार मोबाईल चार्ज गर्ने क्रममा तार सर्ट भई करेन्ट लागेर घाईते भएकी खातुनको उपचारका क्रममा मृत्यु भएको हो ।

घाइते भएकी उनको उपचारका क्रममा बिराटनगरस्थित नर्सिङ होम

*बाँकी अन्तिम पृष्ठमा*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिबाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग







नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

तिरहुत गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# स्वास्थ्य मापदण्डको पालना गरि आ-आफ्नो कार्य गर्नु आवश्यक

कोरोना महामारीका कारण विगत दुई महिनादेखी ठप्प रहेको जनजिवन पुनः बिस्तारै गति लिन खोजिरहेको छ । यद्दपी महामारीको जोखिम अहिले पनि कायमै रहेको छ । तर, दुई महिनादेखी मुलुक नै ठप्प रहेकाले मानिसहरुको जनजिवन सामान्यतर्फ उन्मुख गर्ने उद्देश्यले लकडाउनलाई केही खुकुलो पारिएको छ । लामो समयमको लकडाउनका कारण सम्पूर्ण क्षेत्र पूर्णरुपले प्रभावित भएको छ । मानिसहरुको जनजिवन कष्टकर बन्दै गएको अवस्थामा लकडाउनलाई खुकुलो पारेर पुरानै अवस्थामा फर्काउने प्रयत्न गरिएको छ । तर यस्तो अवस्थामा मानिसहरुले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्न पनि उत्तिकै आवश्यक रहेको छ ।

गत वर्ष पनि झण्डै चार महिना मुलुकभरि कोरोना महामारीका कारण पूर्ण रुपले लकडाउन गरिएको थियो । गत वर्ष पहिलो चरणको र यस वर्ष दोश्रो चरणको महामारीबाट हजारौं व्यक्तिले ज्यान गुमाउनु परेको थियो भने लाखौं जनता बिरामी परेका थिए । महामारीको त्रास रहिरहेको बेला कसैले यसलाई ख्याल ख्यालमा लिनुहुँदैन । विश्वको कतिपय देशहरुमा महामारी तेश्रो चरणमा प्रवेश गरिसकेको छ भने नेपालमा भने आंशिक रुपमा महामारी तेश्रो चरणले प्रवेश गरिसकेको अवस्था रहेको छ । तेश्रो चरणमा सबैभन्दा बढी बालबालिकाहरु प्रभावित हुने अनुमान गरिएको छ । जसकारण यस अवस्थामा महामारीबाट बच्न बालबालिकाको गम्भिर रुपमा ध्यान दिनु आवश्यक छ ।

महामारीका कारण मुलुकको व्यापार, शिक्षा तथा सम्पूर्ण क्षेत्र अस्तव्यस्त रहेको छ । तसर्थ यस्तो अवस्थामा मुलुकको सम्पूर्ण क्षेत्रलाई गतिमा ल्याउन सबै जनताले स्वास्थ्य मापदण्डको पालना गरि आ-आफ्नो कार्य गर्नु आजको आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धेरै शान्ति सैनिक पठाउने मुलुकको सूचीमा नेपाल तेस्रो

काठमाडौँ, १५ असार (रासस) ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्व शान्ति स्थापना कार्यमा धेरै सैनिक पठाउने मुलुकको सूचीमा नेपाल तेस्रो स्थानमा उक्लिएको छ ।शान्ति सैनिक खटाएर योगदान पुऱ्याउने विश्वका मुलुकको सूचीमा नेपालको स्थान तेस्रो रहेको सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिनुभयो । विश्वभरका द्वन्द्वरत मुलुकका १२ शान्ति मिसनमा पाँच हजार १५४ सङ्ख्यामा अहिले नेपाली शान्ति सैनिक परिचालित छन् ।

विश्वका १२२ राष्ट्रले राष्ट्रसङ्घको आह्वानमा शान्ति सैनिक खटाउँदै आएका छन् । अफ्रिका महादेशका द्वन्द्वरत मुलुक सुडान र कङ्गोलगायतमा अहिले शान्ति सैनिकका रूपमा कार्यरत नेपाली महिला सैनिकको सङ्ख्या १७६ रहेको छ । यसअघि एक हजार ५५० नेपाली महिला सैनिकबाट शान्ति कार्यमा योगदान भइसकेको छ ।

सैनिक प्रवक्ता पौडेलले भन्नुभयो, "अरुदेशको जनशक्ति घटेर तथा हाम्रो जनशक्ति बढेर पनि सूचीमा तलमाथि हुन्छ, अहिले रुवाण्डाको जनशक्ति घटेकोछ, त्यसबाट हामी चौथोबाट तेस्रोमा उक्लिएका हौँ । नेपालसँग सयुंक्त राष्ट्रसङ्घले केही समयअघि थप ४५० शान्ति सैनिकको माग पनि गरेको छ ।"

सन् १९५८ मा लेबनानबाट विश्वशान्ति स्थापना कार्यमा सैनिक पठाउन शुरु गरिएको हो ।विश्वशान्ति स्थापना कार्यमा सैनिक पठाएर योगदान पुऱ्याएवापत ६३ वर्षको अवधिमा नेपाली सेनाले एक लाख ३५ हजार ३४३ थान शान्ति (युएन) पदक प्राप्त गरिसकेको छ ।

अनुशासित, व्यावसायिक र साहसिक सैनिकका रूपमा स्थापित नेपाली सेनाले 'शान्ति मिसन' यात्रामा द्वन्द्वपीडित जनताको मन जित्दै शान्ति कायम राख्न सिपालु 'पिस च्याम्पियन'को छवि बनाएको छ । नेपाली सेनासँग संसारका ४२ वटा शान्ति मिसनमा खटिई काम गरेको अनुभव छ ।

मिलनसार र उत्कृष्ट ढङ्गबाट जिम्मेवारी पूरा गरेकैकारण संयुक्त राष्ट्रसङ्घ र द्वन्द्वग्रस्त मुलुकका नागरिकको पहिलो रोजाइमा नेपाली सेना पर्दै आएको छ । नेपालले संयुक्त राष्ट्रसङ्घबाट माग भई आएमा १० हजारसम्मको सङ्ख्यामा फौज पठाउन सक्ने प्रतिबद्धता जाहेर गरिसकेको छ । नेपालले योगदानका आधारमा प्राप्त गरेको सिरियामा तैनाथ अन्डोफ शान्ति मिसनको फोर्स कमाण्डरको जिम्मेवारीमा हाल रथी ईश्वर हमाल हुनुहुन्छ । यसअघि कृष्णनारायण थापा, भिक्ट्री राणा, बालानन्द शर्मा, पवनजङ्ग थापा, प्रधान सेनापति पूर्णचन्द्र थापाले फोर्स कमाण्डरको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि प्रतिबद्ध समावेशी चरित्रको नेपाली सेना विश्व शान्तिस्थापनार्थ द्वन्द्वग्रस्त मुलुकमा खटिँदा पहिलो पङ्क्तिमा रहेर काम गर्दै आएको छ ।विश्व शान्तिका लागि यस अवधिमा ६८ नेपाली सैनिकबाट आफ्नो जीवनको बलिदानी भइसकेको छ । यस अवधिमा ६६ जना सैनिक गम्भीर घाइते भएका छन् ।

मानव अधिकारको पूर्ण पालना, द्वन्द्व व्यवस्थापन र मानवीय सहायतामा नेपाली सेनाबाट हुँदैआएको कार्यको विश्व समुदायबाट मुक्तकण्ठले प्रशंसा हुँदैआएको छ । द्वन्द्वग्रस्त मुलुकमा शान्तिस्थापना गर्ने कार्यमा संयुक्त राष्ट्रसङ्घले नेपाली सेनाप्रति निकै ठूलो आसा, भरोसा र विश्वास राखेको छ ।

अन्तर्राष्ट्रिय शान्तिस्थापनाका लागि उल्लेखनीय योगदान दिई विश्व समुदायबाट नेपाली सेनाले ठूलो इज्जत, प्रतिष्ठा र विश्वास आर्जन गरिरहेको छ ।रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डेले नेपाली सेनाले शान्ति मिसनमा खटेर पुऱ्याएको योगदान अतुलनीय भएकाले राष्ट्रसङ्घबाट धेरै नै प्रशंसा पाउँदैआएको बताउनुभयो ।

उहाँ भन्नुहुन्छ,"दिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेको तथा शान्ति सैनिकका रूपमा खटिएको स्थानमा तटस्थता कायम गर्ने भूमिकाआदिले नेपाली सैनिकप्रति राष्ट्रसङ्घ र स्थानीय नागरिकले समेत निकै भरोसा राखेको देखिन्छ । त्यो भएरपनि सङ्ख्या थप्ने विषय सम्भव भएको हो ।"

नेपाली सेनाले अन्तर्राष्ट्रिय शान्तिस्थापनामा कार्यमा देखाएको व्यावसायिक कुशलताकै कारण विश्वसमुदायको पहिलो रोजाइमा पर्दैआएको मात्र होइन विशेषखाले जिम्मेवारी पनि सम्हाल्दैआएको छ । कतिपय द्वन्द्वरत मुलुकका महत्वपूर्ण संरचना, स्थल र विशिष्ट व्यक्तिको सुरक्षाको जिम्मेवारी पनि नेपाली सेनाले प्राप्त गरेको प्रशस्तै उदाहरण छन् ।

सेनाका पूर्वउपरथी जगदीशचन्द्र पोखरेल नेपाली सेना स्वभावैले शान्तिप्रेमी र कसैको पक्षमा नढल्कने तटस्थ भूमिकामा रहने मात्र नभएर राष्ट्रसङ्घको शान्तिस्थापना गर्ने सिद्धान्त र कार्यादेशको पूर्ण पालना गर्दै सहजरूपमा जिम्मेवारी पूरा भएकाले धेरै ठाँउमा नेपाली शान्ति सैनिकको माग हुँदैआएको बताउनुहुन्छ ।

निर्देशन पालना, व्यावसायिक, अनुशासन र मिलनसार चरित्र भएकैकारण नेपाली सेनाले द्वन्द्वग्रस्त मुलुकका जनताको मन जित्न सफल हुँदैआएको उल्लेख गर्दै उहाँ भन्नुहुन्छ,"नेपाली सेना कुनै पनि मिसनमा जाँदा कुनै स्वार्थ लिएर गएको हुँदैन, ज्यान बाजीमै राखेर भएपनि जिम्मेवारी कार्यादेशलाई नै सर्वोपरी प्राथमिकता दिन्छ ।"

भूगोलको हिसाबले सानो राष्ट्रभएपनि विश्वशान्तिका लागि नेपालको ठूलो योगदान रहेको छ । नेपाली सैनिक जुन ठाउँमा खटिन्छन् त्यो ठाँउमा प्रभावकारी काम हुन्छ भन्ने सन्देश दिन सङ्गठन सफल भएको पूर्वरथी पोखरेल बताउनुहुन्छ ।

शान्ति सैनिक पहिलो पटक खटाउने सन्दर्भमा निकै संवेदनशील मानिएका लाइबेरिया, कङ्गो, सुडानलगायतका मुलुकमा नेपाली सेनाले अग्रपङ्क्तिमा रही महत्वपूर्ण जिम्मेवारी सम्हालेको घटनाको सर्वत्र प्रशंसा हुँदै आएको छ । शान्तिस्थापनार्थ गरेको योगदानका आधारमा 'फोर्स कमाण्डर'को नेतृत्व र जिम्मेवारी पाउनुपर्छ भनी नेपालले संयुक्त राष्ट्रसङ्घलाई आग्रह गर्दै आएको छ ।

# थपिए दुई हजार ६३६ संक्रमित

काठमाडौँ, १५ असार (रासस) ।

नेपालमा पछिल्लो २४ घण्टामा दुई हजार ६३६ जनामा कोरोना संत्रक्रण पुष्टि भएको छ । ११ हजार ७४८ नमूना परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो ।

सोही अवधिमा सात हजार २५९ पिसिआर र चार हजार ४८९ एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो । मंगलबार चार हजार ३४८ जना कोरोना मुक्त भएका छन् । नेपालमा कोरोनामुक्त हुने ९३ प्रतिशत पुगेको छ । साथै सोही अवधिमा कोरोनाबाट २० जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाबाट नौ हजार ७१ जनाको ज्यान गएको मन्त्रायले जनाएको छ ।

# चट्याङ लागेर दुईको मृत्यु

**दैनिक समाचारदाता**
**पर्सा, १५ असार ।**

चट्याङ लागेर मंगलबार पर्सामा दुई जनाको मृत्यु भएको छ ।

जिल्लाको सखुवाप्रसौनी गाउँपालिकामा मंगलबार बिहान चट्याङ लागेर एक पुरुषको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सखुवा प्रसौनी-४ देवरवना बस्ने ५५ वर्षीय रघुवीर यादव रहेका छन् । यादवको भैंसी चराउने क्रममा खेतमा चट्याङ लागेर मृत्यु भएको हो ।

यसैगरी जिल्लाकै जिराभवानी गाउँपालिका-३ जितपुर बस्ने ५० वर्षीया अस्तोर्मी देवी थारुको पनि चट्याङ लागेर मंगलबार बिहान मृत्यु भएको छ ।

खेतमा काम गरिरहेको अवस्थामा चट्याङ लागेर उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# देशभर २७ प्रतिशत धान रोपाइँ

काठमाडौँ, १५ असार (रासस) ।

धान रोपाइ हुने क्षेत्रफलमध्ये देशभर करिब २७ प्रतिशतमा वर्षे धान रोपाइँ सम्पन्न भएको छ ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अनुसार असार १५ सम्ममा देशभर २७ दशमलव १२ प्रतिशत क्षेत्रफलमा वर्षे धान रोपाइँ सम्पन्न भएको हो । सात प्रदेशमध्ये हालसम्म कर्णाली प्रदेशमा सबैभन्दा बढी धान रोपाइँ भएको केन्द्रका प्रमुख रामकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । उहाँले कर्णाली प्रदेशमा छिटो रोपाइँ थालिने भएका कारण पनि सबैभन्दा बढी रोपाइँ सकिएको जानकारी दिनुभयो ।

प्रमुख श्रेष्ठका अनुसार प्रदेश नं १ मा दुई लाख ७५ हजार ९०१ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ४९ हजार ६२३ हेक्टरमा धानबाली रोपिएको छ । यो धान रोपाइँ हुने कूल क्षेत्रफलमध्ये १७ दशमलव ९९ प्रतिशत रहेको छ । त्यस्तै प्रदेश नं २ मा १० दशमलव ५५ प्रतिशत मात्र रोपाइँ सकिएको छ । तीन लाख ६५ हजार ६१५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म यो प्रदेशमा ३८ हजार ५८६ हेक्टरमा मात्र धानबाली रोपाइँ सकिएको छ । वाग्मती प्रदेशको एक लाख १५ हजार २९५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म २१ दशमलव ०७ अर्थात् २४ हजार २८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ ।

यसैगरी गण्डकी प्रदेशमा १० लाख आठ हजार २७८ हेक्टर क्षेत्रफलमध्ये हालसम्म १५ दशमलव ३४ प्रतिशत अर्थात् १६ हजार ६१२ हेक्टरमा, लुम्बिनी प्रदेशमा तीन लाख ३ हजार ५९३ हेक्टर क्षेत्रफलमध्ये ४५ दशमलव ९४ प्रतिशत अर्थात् एक लाख ३९ हजार ४५६ हेक्टर, कर्णाली प्रदेशमा ३८ हजार ३८५ हेक्टर क्षेत्रफलमध्ये ६२ प्रतिशत अर्थात् २३ हजार ८५० हेक्टर क्षेत्रफलमा र सुदूरपश्चिम प्रदेशमा एक लाख ६४ हजार ६३९ हेक्टर क्षेत्रफलमध्ये ४८ दशमलव ३१ प्रतिशत अर्थात् ७९ हजार ५४० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

गत वर्ष असार १५ गतेसम्म सातै प्रदेशमा ३५ दशमलव ४८ प्रतिशत धान रोपाइँ सकिएको थियो । सातै प्रदेशका १३ लाख ७१ हजार ७०६ हेक्टर क्षेत्रफलमध्ये चार लाख ८६ हजार ६६२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको थियो ।

# ७७ जिल्लामा निःशुल्क कानूनी सहायता

काठमाडौं, १५ असार (रासस)।
कानूनको पहुँचबाट बञ्चित नागरिकलाई समान अवसर अभिवृद्धि गर्न सरकारले ७७ वटै जिल्लामा निःशुल्क कानूनी सहायता दिने भएको छ। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले निःशुल्क कानूनी सहायताको सेवा ४७ जिल्लामा मात्र सीमित रहेकोमा आगामी आर्थिक वर्षदेखि सबै जिल्लामा अधिकृतस्तरको कानून व्यवसायीबाट कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गरेको हो।

कानूनमन्त्री लिलानाथ श्रेष्ठले पद बहालीपश्चात छ महिनामा सम्पादित मुख्यकार्य विवरण सार्वजनिक गर्न मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा निःशुल्क कानूनी सहयाता सेवा, स्थानीय तहमा न्यायिक समितिको क्षमता अभिवृद्धि, निःशुल्क कानूनी सहायता तथा न्यायमा सहज पहुँच सुनिश्चितका लागि गरिएका प्रयासलगायतबारे जानकारी गराइएको छ। निःशुल्क कानूनी सहायताको सेवाको सुनिश्चितताले आर्थिक कमजोरीका कारण कानूनी व्यवसायीको सेवा लिन नसक्ने नागरिकलाई निःशुल्क सेवा उपलब्ध हुने मन्त्रालयको विश्वास छ।

पत्रकार सम्मेलनमा कानूनमन्त्री श्रेष्ठले न्यायालयमा सबै वर्गका नागरिकको पहुँचको सुनिश्चितताका लागि सहजीकरण गर्न देशका ७५३ स्थानीय तहमा अधिकृतस्तरका अधिवक्ता दिने सरकारको निर्णय बमोजिम जनशक्ति व्यवस्थापनलगायत विषयमा सरोकारवाला मन्त्रालयसँग आवश्यक परामर्श गरिएको जानकारी दिनुभयो। उहाँले स्थानीय न्यायिक समितिको कामलाई प्रभावकारी बनाउन मन्त्रालयले पहल गरिरहेको बताउनुभयो। यसअघि महानगरपालिका, नगरपालिका र गाउँपालिकामा अधिवक्ता भए उनीहरूमार्फत र नभएका निकायमा नयाँ अधिवक्ताको व्यवस्था गरी साच्चिकै कानूनको पहुचमा नपुग्ने, निमुखा, गरीब र असाहाय नागरिकलाई कानूनी सेवा उपलब्ध गराइने मन्त्री श्रेष्ठको भनाइ थियो।

यस्तै मन्त्रालयले स्थानीय तहमा न्यायिक समितिको क्षमता बढाउन कानूनका ज्ञान तथा अनुभव भएका अधिकृतस्तरका कर्मचारीको प्रबन्ध गरिने गरी नेपाल सरकारबाट नीतिगत व्यवस्था भएको र यसका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय र सहकार्य भइरहेको जनाएको छ। यसअघि नायव शुब्बा सरहका कर्मचारीको व्यवस्था गरिएकोमा आगामी आर्थिक वर्षदेखि अधिकृतस्तरका कर्मचारीको व्यवस्था गरिने मन्त्रालयले उल्लेख गरेको छ।

निःशुल्क कानूनी सहायता तथा न्यायमा सहज पहुँच सुनिश्चित गर्न जनशक्ति तथा पूर्वाधारसमेतको व्यवस्था गर्नको लागि परियोजनासम्बन्धी अवधारणापत्र तयार गरी राष्ट्रिय योजना आयोगको परियोजना बैङ्कमा प्रविष्ट गरिएको पनि मन्त्रालयले सार्वजनिक गरेको प्रगति विवरणमा उल्लेख छ।

यो परियोजना कार्यान्वयनमा आएमा कानूनी सहायतालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन, न्यायमा पहुँच सुनिश्चित गर्न तथा न्यायिक समितिको काम कारबाही प्रभावकारी र गुणस्तरीय बनाउन थप सहयोग पुग्ने कानूनमन्त्री श्रेष्ठले बताउनुभयो। उहाँले तीनवटै कामलाई 'प्रोजेक्ट बैंक'को रूपमा अघि बढाउँदा न्यायमा समानता र पहुँच अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "निःशुल्क, कानूनी सहायताको सेवा, स्थानीय तहमा न्यायिक समितिको क्षमता अभिवृद्धि र जातीय छुवाछुतको विषयलाई मन्त्री र मन्त्रालयले गरेको निर्णयलाई आगामी दिनमा कुनै मन्त्रीले नरोक्नेगरी प्रोजेक्ट बैंकको रूपमा यी तीन विषयलाई प्रभावकारी कार्ययोजनाका साथ अघि बढाउछौं।" उहाँले जातीय छुवाछुतको अन्त्यका लागि अभियानकै रूपमा कार्ययोजनका साथ अघि बढ्ने दिशामा मन्त्रालय रहेको जानकारी दिनुभयो।

कानून मन्त्रालयसँग सम्बन्धित विषयमा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिको पहिलो बैठक बसेर निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउन समन्वय तथा सहकार्य गरी स्थानीय न्यायिक समितिको क्षमता विकास, प्रदेश कानूनको प्रकाशन तथा विक्री वितरणका विषयसमेतमा छलफल गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव उदयराज सापकोटाले निःशुल्क कानूनी सहायतालाई थप प्रभावकारी बनाउनका लागि सङ्घ र प्रदेशबीच समन्वयात्मक रूपमा काम गर्ने सहमति भएकोमा सो बमोजिम अधिकांश प्रदेशले बजेट तथा कार्यक्रममा निःशुल्क कानूनी सहायतालाई समावेश गरेको पाइएको बताउनुभयो। मन्त्रालयले जातीय छुवाछुत तथा विभेद विरुद्धका आवश्यक कार्यक्रम अभियानका रूपमा सञ्चालनका लागि बजेटमा व्यवस्था गरिएको जनाएको छ।

मन्त्रालयबाट सम्पादन भएका अन्य कार्यमा छ विषयमा विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिएको, चार विषयमा विधेयकको मस्यौदामा तर्जुमा सहमति दिइएको तथा १६ अध्यादेश जारी भएको जनाइएको छ। त्यस्तै १८ विषयमा नियमावलीको मस्यौदामा तर्जुमा सहमति दिएको चार वटा गठन आदेशको मस्यौदामा सहमति दिइएको छ। सरकारबाट जारी हुने आदेशमा तर्जुमा सहमति दिइएका विषय तीन, निर्देशिकाको मस्यौदामा तर्जुमा सहमति दिइएको विषय सात, कार्यविधिको मस्यौदा तर्जुमा सहमति दिइएको विषय दुई र अनुसूची हेरफेर चार रहेको छ।

अन्तरराष्ट्रिय कानून तथा सन्धिसम्फौता सम्बन्धीतर्फ द्विपक्षीय, बहुपक्षीय सम्फौता र दातृ संस्थासँग सम्पन्न गरिने सम्फौताको मस्यौदामा राय प्रदान गरिएको सङ्ख्या ३५, ऋण तथा दातृ सङ्घसंस्थासँग सम्पन्न अनुदान सम्फौतालाई प्रभावकारी बनाउन उपलब्ध गराउनुपर्ने कानूनी रायको सङ्ख्या चार रहेको छ। त्यसैगरी मौलिक हक कार्यान्वयन गर्नका लागि बनाउनुपर्ने नियमावली अन्तर्गत मौलिक हक कार्यान्वयन गर्नको लागि बनाउनु पर्ने १४ वटा नियमावलीमध्ये १३ वटा नियमावली जारी भइसकेको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# विवादका कारण हुलाकी सडक निर्माण प्रभावित

लहान, १५ असार (रासस)।
पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत सप्तरीको बोदेबर्साइन बजार क्षेत्रमा जग्गा विवादका कारण निर्माणकार्य प्रभावित भएको छ। बोदे बर्साइन बजारको शत्रुघन चोकदेखि पूर्व र इलाका प्रहरी कार्यालयको पश्चिम भागमा कालोपत्र काम सम्पन्न भइसके पनि जग्गा अधिग्रहणको विवादका कारण इलाका प्रहरी कार्यालय पूर्व र शत्रुघन चौकदेखि पश्चिमबीचको करिब ३०० मिटर सडक निर्माण अवरुद्ध भएको हो।

बोदे बर्साइन नगरपालिका-५ बजारको उक्त सडकमा कब्रिस्तानको पर्खाल परेपछि सो पर्खाल भत्काउन नमानेका कारण निर्माण काम अवरुद्ध भएको जनाइएको छ। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले चासो नदेखाउँदा समस्या समाधान हुन नसकेको स्थानीयवासीको भनाइ छ। कब्रिस्तानको करिब डेढ मिटर पर्खाल सडकको मापदण्डमा पर्ने भएकाले पर्खाल भत्काउन नमान्दा त्यस खण्डमा निर्माण काम शुरु नभएको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका प्रतिनिधि कमलप्रसाद यादवले जानकारी दिनुभयो।

जग्गासम्बन्धी मुद्दा पनि अदालतमा विचाराधीन रहेको भन्दै उहाँले जग्गा अधिग्रहण गर्न नगरपालिका र वडा कार्यालयले पहल नगरेका कारण समस्या यथावत रहेको बताउनुभयो। जग्गा अधिग्रहण भई निर्माणको वातावरण बनेमा निर्माणकार्य सकिएर जाने उहाँको कथन छ। सो सम्बन्धमा नगरपालिका प्रमुख आतेशकुमार सिंह यादवले जग्गा प्राप्तिका लागि पटकपटक पहल गरे पनि कब्रिस्तानका मानिसले नमानेको बताउनुभयो। उक्त जग्गासम्बन्धी अदालतमा मुद्दा चलेकाले अदालतले दिने फैसलाअनुसार कार्य अगाडि बढ्ने उहाँको कथन छ। रौता श्रेष्ठ डिवा जेभी रातोपुलले २०७७ असार २९ गते स्तरोन्नतिको काम पूरा गर्ने गरी २०७४ पुस १४ गते सम्फौता गरेको थियो। सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि छ महिना म्याद थप गरिएको छ। थपिएको म्याद २०७७ पुस २८ गते सकिएको छ।

पूर्व राजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करिब १८ किलोमिटर सडक कालोपत्र गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका प्रतिनिधि यादवले जानकारी दिनुभयो। उहाँका अनुसार बाँकी सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम सकिसकेको र धमाधम कार्य भइरहेको छ। करिब २५ किलोमिटरको सो खण्डमा अहिले ११ वटा पुलको निर्माण अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ।




## विश्व समाचार

### अष्ट्रेलियाली चिकित्सकद्वारा कोभिड-१९ खोपको विज्ञापन अभियान गर्न सरकार आग्रह

क्यानबेरा, १५ असार (रासस/सिन्हवा)।
अष्ट्रेलियाका चिकित्सकहरूले कोरोनाभाइरस खोपको गलत सूचनालाई सम्बोधन गर्न तत्काल राष्ट्रिय विज्ञापन अभियानको आह्वान गर्न सरकारलाई सुझाव दिएका छन्। रोयल अस्ट्रेलियन कलेज अफ जनरल प्राक्टिसनर्स (आरएसीजीपी) ले हालसालै सरकारलाई खोपप्रति सकारात्मक भावना खोप कार्यक्रमबारे सचेतना जगाउन विज्ञापन अनिवार्य र महत्वपूर्ण रहेको बताएको हो। "पक्कै पनि आफ्नो दोस्रो मात्राको खोपबारेमा चासो व्यक्त गरिरहेका छन् र स्वीकार गर्ने वा अस्वीकार गर्ने बहस नागरिकबीच हुनु वास्तविक चिन्ताको विषय हो। नागरिकमा खोपबारे जानकारी कम हुनसक्छ। विज्ञको सुझावलाई सचेतनामूलक कार्यक्रमबाट उनीहरूसमक्ष पुऱ्याउनु जरुरी देखिन्छ।" आरएसीजीपीका अध्यक्ष करेन प्राइसले नाइन इन्टरटेन्मेन्ट समाचार संस्थासँग भन्नुभयो।

"मलाई लाग्छ हामीलाई महामारीले थकाएको छ। हामीले भ्रमलाई सम्बोधन गरेर अघि बढेनौं भने यसबाट जोखिम निम्तिन सक्छ। अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले सोमबार राति एस्ट्रजेनेकाको कोभिड-१९ विरूद्धको खोप लिन चाहने ४० बर्षमाथिका नागरिकहरुले नाम दर्ता गराउन आग्रह गर्नुभएको थियो। यस पहिले अष्ट्रेलियामा ६० बर्षमाथिका नागरिकलाई अस्ट्राजेनेकाद्वारा विकसित खोप लगाउन सिफारिस गरिएको थियो। प्रधानमन्त्रीको पछिल्लो आग्रहले अस्ट्रेलियाले ४० बर्षमाथिका नागरिकलाई उक्त खोप दिने तयारी थालेको बुझ्न सकिन्छ। "यदि हामी अभियान अगाडि बढ्नु अघि आपूर्ति बढ्ने प्रतीक्षा गर्छौं भने यस बीचमा धेरै मानिसहरूलाई खोपबारेको भ्रमलाई चिर्न अनिवार्य हुन्छ।" अस्ट्राजेनेकाको खोप प्रयोग गर्दा रगत जम्ने सूचनाहरू आएपछि अस्ट्रेलियाली नागरिकले खोप लिने वा नलिने भन्नेमा बहस चलाएका छन्। रगत जम्ने भनी समाचार आएपनि विरलै मुद्दाहरूमा खोपको विकृति पाइएपछिसंघीय, राज्य र क्षेत्रीय नेताहरूले सोमबार यो खोपबाट आउने समस्यामा क्षतिपूर्ति दिन सहमत भएका हुन्। स्वास्थ्य विभागका प्रवक्ताले भने जनचेतना अभियान निरन्तर चलिरहेको जानकारी दिनुभएको छ। सोमबार दिउँसो प्राप्त तथ्याङ्क अनुसार अस्ट्रेलियामा कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या ३० हजार ५२८ रहेको छ भने उक्त अवधिमा स्वदेश तथा विदेशबाट आएका क्रमशः २३ र छ व्यक्तिमा नयाँ सङ्क्रमण भेटिएको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमितको संख्या चालीस हजार भन्दा

नयाँ दिल्ली, १५ असार (रासस/सिन्हवा)।
गत २४ घण्टामा भारतमा ३७ हजार ५६६ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएपछि कोरोना सङ्क्रमितको कूल सङ्ख्या तीन करोड ३ लाख १६ हजार ८९७ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ। भारतमा गत २४ घण्टामा भएको कोरोना सङ्क्रमित यो संख्या विगत १०२ दिनयता कै सबभन्दा कम हो। चालीस हजार भन्दा कम व्यक्ति कोरोना सङ्क्रमण भएको १०२ पछि यो पहिलो पटक हो। भारतमा हिजो कोरोना सङ्क्रमणबाट ९०७ व्यक्तिको मृत्यु भएको छ। करिब ७० दिनपछि भारतमा गत दई दिनयतादेखि एक हजार भन्दा कम व्यक्तिले कोरोनाबाट ज्यान गुमाएका छन्। गत अप्रिल १४ मा भारतका कोरोना सङ्क्रमणबाट एक हजार भन्दा बढीको मृत्यु भएको थियो। कोरोना प्रकोपबाट ज्यान गुमाउनेको संख्या तीन लाख ९७ हजार ६३७ पुगेको छ। हाल भारतमा पाँच लाख ५२ हजार ६५९ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा कोरोना शुरु भएदेखि हालसम्म दुई करोड ९३ लाख ६६ हजार ६०१ व्यक्ति कोरोना मुक्त भएका छन्। यहाँ कोरोना भाइरस मुक्ति दर ९६.८७ प्रतिशत रहेको छ। यहाँ गत जनवरी १६ बाट कोरोना भाइरस विरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ३२ करोड ९० लाख २९ हजार ५१० डोप कोरोना विरुद्धको खोप लागाइएको छ।

### कोरोनाबाट अत्यन्त प्रभावित बीस देशका सङ्क्रमित र मृतकको संख्या

बेइजिङ, १५ असार (रासस/सिन्हवा)।
जोन्स हफ्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरमा सङ्क्रमितको संख्या १८ करोड १४ लाख ३१ हजार १२३ जना रहेका छन्। कोरोना शुरु भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ३९ लाख २९ हजार ८२९ जनाको मृत्यु भएको छ। सो विश्वविद्यालयले जुन २९ मा प्रकाशित गरेको विवरणअनुसार कोरोनाबाट अत्यन्त प्रभावित बीस देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकहरुको संख्या यसप्रकार रहेका छन्।

देश, सङ्क्रमितको संख्य, कूल मृत्यु हुनेको संख्या क्रमशः संयुक्त राज्य अमेरिका, तीन करोड ३६ लाख ४० हजार ५२७, छ लाख ४ हजार ११५, भारत तीन करोड ३ लाख १६ हजार ८९७, तीन लाख ९७ हजार ६३७, ब्राजिल एक करोड ८४ लाख ४८ हजार ४०२, पाँच लाख १४ हजार ९२, फ्रान्स ५८ लाख ३२ हजार ४९०, एक लाख ११ हजार १७४, टर्की ५४ लाख १४ हजार ३१०, ४९ हजार ६३४, रुस ५४ लाख ८ हजार ७४४, एक लाख ३१ हजार ६७१, बेलायत ४७ लाख ७१ हजार ३६७, एक लाख २८ हजार ३६७, अर्जेन्टिना ४४ लाख २३ हजार ६३६ ९३ हजार १४२, इटाली ४२ लाख ५८ हजार ४५६, एक लाख २७ हजार ५००, कोलोम्बिया ४१ लाख ८७ हजार १९४, एक लाख ५ हजार ३२६, स्पेन ३७ लाख ९२ हजार ६४२, ८० हजार ७८९, जर्मनी ३७ लाख ३४ हजार ८३२, ९० हजार ८२७, इरान ३१ लाख ८० हजार ९२ ८३ हजार ९८५, पोल्याण्ड २८ लाख ७९ हजार ६८९, ७४ हजार ९७९, मेक्सिको २५ लाख ७ हजार ४५३, दुई लाख ३२ हजार ६०८, युक्रेन २२ लाख ९८ हजार ६६०, ५४ हजार ५२२, इन्डोनेसिया २१ लाख ३५ हजार ९९८, ५७ हजार ५६१, पेरु २० लाख ४८ हजार ११५, एक लाख ९१ हजार ८९९, दक्षिण अफ्रिका १९ लाख ४१ हजार ११९, ६० हजार ३८, नेदरल्याण्ड १७ लाख ११ हजार ५४५, १८ हजार ३४ छन्।

# बैठक खर्च विपन्न महिलाको उपचारमा सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

मानव अधिकार निगरानी समूहले आफ्नो बैठक खर्चको रकम एक विपन्न महिलालाई उपचारका लागि प्रदान गरेको छ ।

शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकार संरक्षणका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा गठित मानव अधिकार निगरानी समूहको बैठकको चियानास्ता खर्च वापत जम्मा भएको पाँच हजार रुपियाँ राजविराज ९ मलेठकी सियावती मेहतालाई उनकै घर पुगेर समूहले प्रदान गरेको हो ।

इन्सेक प्रतिनिधी मनोहर पोखरेल र समूहका सहस्यहरुका साथ पुगेका निगरानी समूहका अध्यक्ष रघुबर साहले उक्त रकम हस्तान्तरण गरे । मानव अधिकारको मुल्य र मान्यतालाई स्थापित गराउने उद्देश्यद्वारा इन्सेकले सञ्चालन गर्दै आएको स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जबाफदेही बनाउने (इएलपी) परियोजनाको कार्यक्रम फोकल पर्सन बरुण बस्यालले व्यक्तिगत रुपमा पाँच सय रुपियाँ प्रदान गरे ।

उपचार खर्चको अभावमा घरमै बसेकी आँखा रोगी मेहताले प्राप्त रकमले विराटनगर गई उपचार गराउने बताइन् । आँखा अस्पताल लहानले विराटनगर जान सल्लाह दिएको र मृगौलामा समेत समस्या देखिएको उनले जानकारी दिइन् । उनका श्रीमान निगरानी समूहका सदस्य एवम् पत्रकार उपेन्द्रनारायण मेहताको गत वैशाख १३ गते मृत्यु भएको थियो ।

# सडकमै धान रोपाई



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

मंगलबार देश भरि खेतमा धान रोपेर दिवस मनाइरहँदा सप्तरीको डाक्नेश्वर नगरपालिकामा सडकमै धान रोपेका छन् ।

सो नगरपालिका ५ अमरलतिका स्थानियहरुले सडकमै धान रोपेर धान दिवस मनाएका छन् ।

वर्षौंदेखी सडकको अवस्था जिर्ण रहँदा पनि स्थानिय निकायले ध्यान नपुऱ्याउँदा वर्षाको बेला सडक हिलोमय भएपछि बिरोधमा स्थानियहरुले सडकमै धान रोपेर स्थानिय निकायप्रति आक्रोस पोखेका छन् ।

पूर्वपश्चिम राजमार्गदेखी भारतीय सीमासँग २० किलोमिटरको कठौना पातो सडकखण्ड वर्षौंदेखी जिर्ण रहेको छ । वर्षामा पैदलयात्रा पनि गर्न नमिल्ने तथा मोटरगाडीहरु हिलोका कारण गुड्न नसक्ने अवस्थाप्रति स्थानिय प्रतिनिधिहरुले ध्यान नदिएको भन्दै उनीहरुले बिरोध स्वरुप सडकमै धान रोपेका हुन् ।

***मोबाइल चार्ज ...***

अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

यता घटना बारे थप अनुसन्धान अनुसन्धान कार्य भई रहेको प्रहरीले जनाएको छ ।





विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer, प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*